# माउण्टेन इनर्जी नेपाल लि. को पाँचौं साधारण सभामा संचालक समितिको तर्फवाट अध्यक्षद्धारा प्रस्तुत

## बार्षिक प्रतिवेदन

आदरणीय शेयरधनी महानुभावहरु,

माउण्टेन इनर्जी नेपाल लिमिटेडको यस पाचौं बार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण महानुभावहरुलाई संचालक समितिको तर्फवाट हार्दिक स्वागत गर्दछु । यस अवसरमा कम्पनीको आर्थिक वर्ष २०७४/७५ को वित्तिय विवरण लगायत अन्य गतिविधिहरु र कृयाकलापहरुको विवरण यस सभामा प्रस्तुत गरिएको छ ।

विगतका वर्षहरुमा यस कम्पनीलाई दिनुभएको अमुल्य समय र सहयोग प्रति म कम्पनीका शेयरधनी एवं संचालकहरु प्रति आभारी छु ।

**संचालक समितिको विवरण**

यस कम्पनीको मिति २०७५ भाद्र २९ को संचालक समितिको वैठकवाट निम्न बमोजिमको संचालक समिति गठन गरेको छ :

| | |
|---|---|
| श्री सुहृद राज घिमिरे | अध्यक्ष |
| श्री डोलराज शर्मा | संचालक |
| श्री चन्द्र प्रसाद ढकाल | संचालक |
| श्री श्याम सुन्दर खेतान | संचालक |
| श्री मनोहर दास मुल | संचालक |

**वित्तिय अवस्था**

कम्पनी ऐन २०६३ को दफा १०९ को उपदफा ४ वमोजिम विवरण तथा लेखा परिक्षण वासलात र अन्य विवरण छुट्टै पेश गरेको छु । उपरोक्त वित्तिय विवरणको साराशं तथा २०७५ आषाढ मसान्तको वित्तिय अवस्था छोटकरीमा तल प्रस्तुत गर्दछु ।

रकम रु लाखमा

| बिबरण | आषाढ मसान्त २०७५ | आषाढ मसान्त २०७४ | आषाढ मसान्त २०७३ |
|---|---|---|---|
| अधिकृत पूंजी | ३,००,०० | ३,००,०० | ३,००,०० |
| जारी पूंजी | २,००,०० | २,००,०० | २,००,०० |
| खरिद गर्न मन्जुर गरेको शेयर रकम | १,१५,३८ | १,३५,३१ | १,३५,३१ |
| माग गरिएको रकम | १,१५,३८ | ७८,४८ | ७८,४८ |
| चुक्ता रकम | १,१५,३८ | ७८,४८ | ७८,४८ |
| सम्बन्धित कंपनीलाई पेस्की/लगानी | ८६,३९ | ७९,३९ | ६२,४३ |
| स्थिर सम्पत्ति लागत | ४० | ७५ | ७५ |
| आयोजना प्रत्यक्ष खर्च | ५२१ | ४०१ | - |
| खर्चको लागि पेस्की तथा धरौटी | ८४ | १३८ | १५७ |
| नगद तथा बैंक मौज्दात | २६ | २८११ | ३५७ |
| यस बर्षको आम्दानी | ३५ | २८ | ७९८ |
| यस बर्षको ओभरहेड | १५ | १५ | १५ |
| खुद आय | १५ | १२ | ६०१ |

**मानव संसाधन र व्यवस्थापन**

यस कम्पनीको दैनिक कार्य संचालनमा संस्थापक प्रवर्द्धक श्री सुब्रत धिताल र संचालक संस्थापक श्री डोल राज शर्मा विगत ११ वर्ष देखि कार्यरत हुनुहुन्छ ।

यस कंम्पनीमा वित्तिय सल्लाहकार चार्टर्ड एकाउण्टेन्ट श्री सुदर्शन राज पाण्डे (एस्.आर. पाण्डे एण्ड कम्पनी), कानुनी परामर्शदाता जुरिष्ट एण्ड कम्पनी र लेखा परिक्षक आर.सापकोटा एण्ड कं., चार्टर्ड एकाउण्टेण्टस् र कम्पनी सचिव अधिवक्ता श्री सम वहादुर भट्ट रहेका छन् ।

**कम्पनी गाभिएको सम्वन्धमा**

यस माउण्टेन इनर्जी नेपाल लि. को मिति २०७४।०९।२१ को वार्षिक साधारण सभावाट विशेष प्रस्ताव र रोवष्ट इनर्जी लि. तथा आदिशक्ती विद्युत विकास कम्पनी लि. को सोही मितिमा सम्पन्न बार्षिक साधारण सभावाट विशेष प्रस्ताव द्वारा पारित प्रस्ताव बमोजिम रोवष्ट इनर्जी लि. र आदिशक्ती विद्युत विकास कम्पनी लि. लाई यस कम्पनीमा गाभ्ने निर्णय गरी मिति २०७५।०४।९ मा उक्त कम्पनीहरुलाई गाभ्न स्वीकृती प्रदान गरेको र सोही अनुरुप मिति २०७५।५।२८ गते देखि एकिकृत कारोवार संचालन समेत भइसेको छ। उक्त गाभिएका कम्पनीहरु रोवष्ट इनर्जी लि. तथा आदिशक्ती विद्युत विकास कम्पनी लि. को नाममा रहेको मिष्ट्री खोला जलविद्युत आयोजना तथा तादी खोला जलविद्युत आयोजनाको विद्युत उत्पादन अनुमती पत्र, विद्युत प्रसारण अनुमती पत्र तथा विद्युत खरिद विक्रि सम्झौता यस कम्पनीको नाममा नामसारी गर्ने प्रकृयामा रहेको छ ।

**मिष्ट्री खोला-२ जलविद्युत आयोजना १२ मे.वा. को सर्वेक्षण अनुमती पत्र सम्वन्धमा :**

मिष्ट्री खोला-२ जलविद्युत आयोजना १२ मे.वा को सर्वेक्षण अनुमती पत्रको लागि यस कम्पनीले मिति २०७३।५।२७ मा विद्युत विकास विभागमा निवेदन दिएकोमा मिति २०७४।४।३२ मा यस माउण्टेन इनर्जी नेपाल लि.को नाममा सर्वेक्षण अनुमती पत्र प्राप्त भएको छ ।

उक्त आयोजनाको Detail Topographical Survey गर्न M/S Sai OM Engineering Consultancy Pvt.Ltd.,काठमाण्डौं लाई परामर्शदाता नियुक्त गरिएको छ। Sai Om वाट Survey गर्ने कार्य सम्पन्न गरिसकेको छ । सम्भाव्यता अध्ययन गर्ने स्वीकृतिको लागि राष्ट्रिय प्रकृति संरक्षण कोषबाट स्वीकृति प्राप्त भएको छ। संभाव्यता अध्ययनको लागि Hydro Consult Engineering Ltd. लाई परामर्श दाता नियुक्त गरिएको छ तथा draft feasibility report प्राप्त भएको छ।

(क) **कार्य प्रगती (मिष्ट्री खोला जलविद्युत आयोजना-४२ मे.वा.)**

(क) **निर्माण तथा ठेक्का सम्वन्धि प्रगती**

(१) Employer तथा इन्जिनियर आवास भवनको निर्माण कार्य सम्पन्न भई प्रयोगमा आइसकेको छ ।

(२) यस आयोजनाको निर्माण सुपरिवेक्षण तथा डिजाइन कार्यको लागि हाइड्रो कन्सल्ट इन्जिनियरिङ्ग लि.,काठमाण्डौ संग सम्झौता गरिएको छ तथा सो कम्पनीले मिति April 13, 2016 (२०७३ बैशाख १) देखि कार्य सुरु गरेको छ। हाल सो कम्पनीको २५ जना प्राविधिकहरु समेतका कर्मचारीहरु निर्माण स्थलमा खटिएका छन् ।

(३) सिभिल कार्यको ठेक्का हाई हिमालयन हाइड्रो कन्सट्रक्सन प्रा.लि., ललितपुर लाई प्रदान गरिएको मा निज कम्पनीले मिति June 30, 2016 (२०७३ आशाढ १६) देखि निर्माण कार्य सुरु गरेको छ। हाल सम्म सिभिल निर्माण कार्यमा भएको प्रगतिहरु निम्नानुसार रहेको छ :

- ठेकेदार कम्पनीवाट प्राविधिक, प्रशासनिक, दक्ष तथा अदक्ष कामदारहरु गरी हाल जम्मा २७२ जनाको टोली आयोजना स्थलमा कार्यरत छन् ।

**हेडवर्कस सम्वन्धमा**

- तेस्रो वर्षको कफर ड्याम निर्माण गरी diversion tunnel बाट खोला फर्काइएको छ।
- ७,८५० घ.मि मध्ये ५,३५० घ.मि concreting गर्ने कार्य सम्पन्न भएको छ जस अनुसार १५६२.८५ masl पुग्न पर्नेमा हाल सम्म १५५९.१५ masl सम्म concreting भएको छ।
- गेटको first stage तथा second stage embedment राख्ने कार्य भइरहेको छ।

**Approach Tunnel तथा सेटलिङ्ग वेसिन सम्वन्धमा**

- खन्ने कार्य सम्पन्न भइसकेको छ।
- १७१५ घ.मी मध्ये हाल सम्म १,०२० घ.मी ढलान गर्ने कार्य सम्पन्न भएको छ।
- Desander basin को sediment flushing गर्ने equipment को design, supply, installation र commissioning को लागि Dr. Haakon Stole, Norway लाई ठेक्का प्रदान गरेकोमा निजले वनाउने कार्य सम्पन्न गरी सामान ढुवानीको क्रममा रहेको छ।

**सुरुङ्गहरु सम्वन्धमा**

- डाइभर्सन सुरुङ्ग, प्रवेशमार्ग सुरुङ्गहरुको निर्माण कार्य सम्पन्न भइसकेको छ।
- हेडरेस सुरुङ्ग (head race tunnel) को निर्माण कार्य कुल २,२७० मी.मध्ये हाल सम्म २०३५.२ मी. अर्थात ८९ प्रतिशत सम्पन्न भइसकेको छ।

**सर्ज साफ्ट सम्वन्धमा**

- कनेक्सन सुरुङ्ग निर्माण कार्य सम्पन्न भइसकेको छ।
- सर्ज साफ्ट खन्ने कार्य सम्पन्न भइसकेको छ।
- सर्ज साफ्ट लाइनीङ्ग कार्य ३६० घ.मी मध्ये हाल सम्म ३१७ घ.मि सम्पन्न भइसकेको छ।

**पेनस्टक पाइप र फिटिगंसहरु सम्वन्धमा**

- Penstock Pipes र fittings ठेक्का मिति डिसेम्वर ८, २०१६ मा M/S Changsha Jetsun Trade Developement Co. Ltd., China लाई प्रदान गरिएकोमा सबै सामान निर्माण स्थलमा पुगिसकेको छ।
- पेनस्टकको सिभिल निर्माण कार्य तथा जडान कार्य संगसंगै भइरहेको छ। हाल सम्म ५२ प्रतिशत कार्य सम्पन्न भइसकेको छ।
- Penstocks pipes तथा fittings जडान गर्न Workshop of Engineering Services Pvt.Ltd.(WES), Lalitpur संग अप्रिल १९, २०१७ मा ठेक्का सम्झौता गरिएको छ तथा सो कम्पनीले जडान कार्य सुचारु गरेको छ। हाल सम्म १,६१० मि. पाइप मध्ये १,०८० मि.पाइप जडान कार्य सम्पन्न भइसकेको छ। त्यसैगरी २२ वटा बेन्डहरु मध्ये १३ वटा जडान भइसकेको छ।

पावरहाउस तथा टेलरेस सम्वन्धमा

- पावरहाउस तथा टेलरेसको खन्ने कार्य सम्पन्न भइसकेको छ।
- पावरहाउसको पहिलो चरणको concreting कार्य सम्पन्न भइसकेको छ।
- पावरहाउसको roof truss राख्ने कार्य सम्पन्न भई छाना छाउने कार्य भइरहेको छ।
- Concret block को भित्ता बनाउने कार्य भइरहेको छ।
- टेलरेसको concreting कार्य भइरहेको छ।

(४) Electromechanical Equipment को design, supply, transportation, installation तथा Commissioning समेतको लागि Voith Hydro Pvt.Ltd., India संग सेप्टेम्वर २७, २०१६ मा ठेक्का सम्झौता गरिएको थियो।

- अधिकांश Equipment हरु बनाउने कार्य सम्पन्न भइ ढुवानीको क्रममा रहको छ।
- EOT crane installation कार्य सम्पन्न भइसकेको छ।
- मेशिनरीहरु जडान गर्ने कार्य सुरु भएको छ।

(५) Hydraulic Steel Works (Gates & Stoplogs) को design, fabrication, installation तथा commissioning कार्यको लागि Nepal Hydro & Electric Limited (NHE), वुटवल संग अप्रिल २४, २०१७ मा ठेक्का सम्झौता गरिएको छ।

- NHE ले first stage embeded parts जडान गर्ने कार्य गरिरहेको छ।
- Bellmouth जडान गर्ने कार्य भइरहेको छ।
- Gate तथा stop log हरु बनाउने कार्य सम्पन्न भएको छ।
- Radial gate को hydraulic cylinder बनाउने कार्य सम्पन्न भएको छ।

(६) मिष्ट्री खोला जलविद्युत आयोजनाको सवस्टेसन देखि ने.वि.प्रा.को दाना सवस्टेशन सम्मको १३२ के.भि. प्रसारण लाइनको निर्माण कार्यको लागि Urja International Pvt.Ltd., ललितपुर संग डिसेम्वर १२, २०१७ मा ठेक्का सम्झौता भएको छ।

- ११ वटा मध्ये ७ वटा टावरको खन्ने कार्य सम्पन्न भएको छ।
- ११ वटा मध्ये ५ वटा टावरको foundation ढलान गर्ने कार्य सम्पन्न भएको छ।
- टावरको Fabrication कार्य भइरहेको छ।
- OPGW को fabrication सम्पन्न भई ढुवानी गरिएको छ।
- Conductor को fabrication कार्य सम्पन्न भएको छ।

(७) मिष्ट्री खोला जलविद्युत आयोजनाको वातावरणिय प्रभाव सुपरिवेक्षण कार्यको लागि परामर्शदाता कम्पनी Energy Resources & Solutions Pvt.Ltd. (ERS), काठमाण्डौ संग जनवरी १२, २०१७ मा सम्झौता भएको छ। ERS ले सुपरिवेक्षणको कार्य गरिरहेको छ।

(८) यस आयोजना निर्माणको लागि आवश्यक पर्ने सम्पुर्ण विष्फोटक पदार्थ भारतको Indian Explosives company वाट आयात गरी आयोजनाको निर्माण गर्ने कार्यमा प्रयोग भइरहेको छ।

(ख) **आयोजनालाई आवश्यक पर्ने जग्गाको विवरण :**
यस आयोजनाको लागि आवश्यक पर्ने जग्गा मध्येको निजी स्वामित्वको सम्पूर्ण जग्गा प्राप्त भइसकेको तथा सरकारी स्वामित्वको जग्गा प्रयोग गर्ने स्वीकृति प्राप्त भइसकेको छ ।

(ग) **मिष्ट्री खोला जलविद्युत आयोजनावाट उत्पादन हुने विद्युत प्रवाह गर्न ने.वि.प्रा.ले निर्माण गर्नु पर्ने विद्युत प्रशारण लाइनको सम्वन्धमा :**

(१) दाना, म्याग्दी देखि कुश्मा, पर्वत सम्मको २२० के.भि. क्षमताको प्रशारण लाइन तथा दाना एवं कुश्माको सव स्टेशनहरुको निर्माण गर्ने ठेक्का May 2016 (२०७३ जेष्ठ) मा Tata Power Ltd. JV लाई प्रदान गरिएको, प्रशारण लाइन निर्माण अवधि commencement date वाट ८२० दिन तय गरिएको र तदानुसार Dec.2018 (२०७५ पौष) भित्र यस खण्डको प्रशारण लाइन निर्माण हुने भनिएकोमा हाल समयावधि थप गरी २०१९ जून भित्र निर्माण कार्य सम्पन्न हुने भनि ने.वि.प्रा.वाट प्राप्त सूचना जानकारी गराउंदछु ।

(२) कुश्मा देखि वुटवल सम्मको प्रशारण लाइनको निर्माण गर्ने ठेक्का सम्फौता December 5, 2017 (२०७४ मंसिर २९) मा Larsen & Toubro Limited, India संग हस्ताक्षर भइसकेको र सो सम्फौता अनुसार December 4, 2020 (२०७७ मंसिर १९) मा उक्त प्रसारण लाइनको निमार्ण कार्य सम्पन्न हुने भनी ने.वि. प्रा. वाट प्राप्त सूचना जानकारी गराउंदछु ।

त्यसै गरी वुटवल सवस्टेसन को निर्माण कार्यको लागि मिति November 8, 2017 (२०७४ कात्तिक २२) मा Tata Projects Limited, India संग सम्फौतामा हस्ताक्षर सम्पन्न भएको र सो सम्फौता अनुसार June 14, 2019 (२०७६ जेष्ठ ३१) मा उक्त सवस्टेसनको निर्माण कार्य सम्पन्न हुने भनि ने.वि.प्रा. वाट प्राप्त सूचना जानकारी गराउंदछु ।

(३) यस आयोजनावाट कुश्मा-वुटवल खण्डको प्रशारण लाइन निर्माण सम्पन्न हुनु अगावै व्यवसायिक उत्पादन सुरु हुने भएको हुंदा सो को व्यवस्थापन गर्न भनी ने.वि.प्रा.ले कुश्मा देखि तल्लो मोदी सम्म प्रशारण लाइन निर्माण गरी पोखरा तर्फ विद्युत प्रवाह गर्ने कार्यक्रम वनाएको छ । तत् अनुसार कुश्मा-तल्लो मोदी प्रशारणलाइनको ठेक्का सन् २०१५ मा प्रदान गरिएकोमा सो को निर्माण कार्य सम्पन्न भएको ने.वि.प्रा.वाट प्राप्त सूचना जानकारी गराउंदछु ।

३. **सामाजिक उत्तरदायित्व**

यस कम्पनीले सामाजिक उत्तरदायित्वको कार्यक्रम अन्तर्गत हाल सम्म मिष्ट्री खोला जलविद्युत आयोजनाको प्रभावित क्षेत्रमा EIA प्रतिवेदनमा उल्लेख भए अनुसार समेतको विभिन्न कार्यको लागि आर्थिक अनुदान दिदैं आएको छ । सुरुको वर्ष देखि आ.व. २०७४।७५ सम्ममा समाजिक उत्तरदायित्व को कार्यक्रम अन्तर्गत रु. १,२२,३९,५२१।- रकम खर्च गरिएको छ ।

४. **रोवष्ट इनर्जी लि. को आ.व. २०७५/७६ को कार्यक्रमहरु**

- रोवष्ट इनर्जी लि.लाई माउण्टेण्ट इनर्जी नेपाल लि.मा गाभ्ने कार्य सम्पन्न भई सकेको छ ।
- मिष्ट्री खोला जलविद्युत अयोजनाको निर्माण कार्य लाई निरन्तरता दिने ।

५. **रोवष्ट इनर्जी लि. को वित्तिय अवस्था**

रोवष्ट इनर्जी लि. को आ.व. २०७५ आषाढ मसान्त सम्मको वित्तिय अवस्था छोटकरीमा तल प्रस्तुत गरेको छ ।

रकम रु लाखमा

| बिबरण | आषाढ मसान्त २०७५ | आषाढ मसान्त २०७४ | आषाढ मसान्त २०७३ |
|---|---|---|---|
| अधिकृत पूंजी | ५,६०,०० | ५,६०,०० | ५,६०,०० |
| जारी पूंजी | १,९०,०० | १,९०,०० | १,९०,०० |
| खरिद गर्न मन्जुर रकम | १,०७,८६ | १,०५,८६ | १,४२,०० |
| माग गरिएको रकम | १,०७,८६ | १,०५,८६ | ६८,१६ |
| चुक्ता रकम | १,०७,८६ | ९०,५५ | ६८,१६ |
| शेयर बापत अग्रिम प्राप्ती | १२,६६ | - | - |
| दिर्घकालिन कर्जा * | १,०२,३०५ | ५६,७० | ३ |
| सम्बन्धित कंपनीबाट सापटी | - | - | २,१६ |
| स्थिर सम्पत्ति लागत | ३,२२ | १,४४ | १,३२ |
| आयोजना प्रत्यक्ष खर्च * | २,१२,५२ | १,२९,९९ | ७,०५ |
| खर्चको लागि पेस्की तथा धरौटी | १०,५३ | १३,५९ | ४८ |
| नगद तथा बैंक मौज्दात | ६,५५ | ६,६० | १,०० |
| समायोजित आय * | ८२,५३ | ५९,४८ | ६८ |
| समायोजित प्रत्यक्ष खर्च * | ७८,६५ | ५६,६५ | ६८ |
| कुल आय * | ३,८८ | २,८३ | - |
| यस बर्षको ओभरहेड ह्रास खर्च सहित | १,२१ | १,२६ | ६८ |
| खुद आय * | २,६७ | १,५७ | - |

* NFRS समायोजित

(ख). **आदिशक्ती विद्युत विकास कम्पनी लि. को वित्तिय अवस्था**

आदिशक्ती विद्युत विकास कम्पनी लि.को २०७५ आषाढ मसान्त सम्मको वित्तिय अवस्था छोटकरीमा तल प्रस्तुत गरेको छु ।

रकम रु लाखमा

| बिबरण | आषाढ मसान्त २०७५ | आषाढ मसान्त २०७४ | आषाढ मसान्त २०७३ |
|---|---|---|---|
| अधिकृत पूंजी | ८०,०० | ८०,०० | ८०,०० |
| जारी पूंजी | ४०,२० | ४०,२० | ४०,२० |
| खरिद गर्न मन्जुर रकम | ३१,२१ | ३१,१९ | २९,५३ |
| माग गरिएको रकम | ३१,२१ | ३१,१९ | २९,५३ |
| चुक्ता रकम | ३१,२१ | ३१,१९ | २९,५३ |
| शेयर बापत अग्रिम प्राप्ती | - | - | १,६५ |
| दिर्घकालिन कर्जा * | ३८,२५ | ४४,८३ | ५०,५८ |
| अल्पकालिन कर्जा | ६,६१ | ६,९४ | ६,९६ |
| सम्बन्धित कंपनीबाट सापटी | २,३० | १,८० | १,८० |

| | | | |
|---|---|---|---|
| स्थिर सम्पत्ति लागत | ६१ | ६१ | ६२ |
| आयोजना प्रत्यक्ष खर्च * | ९२,४९ | ९२,४९ | ९२,४६ |
| बिक्रि<br>प्रत्यक्ष खर्च | १५,१८<br>(४,४०) | १५,३३<br>(४,४३) | १३,८९<br>(३,७१) |
| **कुल आय** | **१०,७९** | **१०,९०** | **१०,१८** |
| **न्यून:**<br>यस बर्षको ओभरहेड ह्रास खर्च सहित<br>बित्तिय खर्च | <br>(१,७०)<br>(४,७३) | <br>(१,३३)<br>(४,८४) | <br>(२,९४)<br>(५,२४) |
| **नाफा/(नोक्सान)** | **४,३५** | **४,७४** | **१,९९** |
| गत बर्ष सम्मको नाफा/(नोक्सान) | १,७८ | (२,९६) | (४,९५) |
| बाँकी नाफा (नोक्सानी) | ६,१३ | १,७८ | (२,९६) |

* NFRS समायोजित

**तादी खोला जलविद्युत आयोजनाको आ.व. २०७५/७६ को कार्यक्रमहरु**

- आदिशक्ती विद्युत विकास कम्पनी लि. लाई माउण्टेण्ट इनर्जी नेपाल लि.मा गाभ्ने कार्य सम्पन्न भई सकेको छ ।
- उत्पादनलाई निरन्तरता दिने ।

**माउण्टेन इनर्जी नेपाल लि. को आ.व. २०७५/७६ को कार्यक्रमहरु**

- सहायक कंपनीहरुलाई प्राप्ती गर्ने वांकी कार्यहरु सम्पन्न गर्ने ।
- सर्बसाधारणमा शेयर जारी गर्ने कार्यको लागि prospectus तयार गर्ने लगायतको कार्यहरु समेत अगाडी बढी रहेको र यस आ.ब.को अन्त सम्ममा सम्पन्न हुने अपेक्षा गरिएको छ ।
- मिष्ट्री खोला-२ जलविद्युत आयोजना १२ मे.वा. को Feasibility Study, विद्युत खरिद विक्रि सम्झौता (PPA) लगायतको कार्यलाई निरन्तरता प्रदान गर्ने ।

**कृतज्ञता तथा धन्यवाद**

अन्त्यमा, यस कम्पनीको उद्देश्य प्राप्तीको लागि सहयोग पुऱ्याउनुहुने सम्पूर्ण शेयरधनी महानुभावहरु, ऊर्जा मन्त्रालय, विद्युत विकास विभाग, नेपाल विद्युत प्राधिकरण, नविल बैंक समेत मिष्ट्री खोला जलविद्युत आयोजनामा ऋण लगानी गर्नु हुने सह-वित्तियकरणमा आवद्ध वित्तिय संस्थाहरु, वन मन्त्रालय, वातावरण मन्त्रालय, गृह मन्त्रालय, भूमिसुधार मन्त्रालय, परराष्ट मन्त्रालय, रक्षा मन्त्रालय, नेपाली सेना, जिल्ला प्रशासन कार्यालय म्याग्दी, जिल्ला प्रशासन कार्यालय नुवाकोट, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग, अन्नपूर्ण संरक्षण क्षेत्र अयोजना,अन्नपूर्ण गाउंपालिका,नारच्याङ्ग उपभोक्ता समिति, परामर्शदाता एवं ठेकेदार कम्पनीहरु लगायत हाम्रो यो प्रयासमा साथ दिनुहुने सवै संघ संस्था एवं महानुभावहरु प्रति संचालक समितिको तर्फवाट हार्दिक आभार प्रकट गर्दै भविष्यमा पनि यस कम्पनीको उत्तरोत्तर उन्नती र प्रगतीमा यहांहरु सवैको सक्रिय योगदान रहिरहने छ भन्ने विश्वास गर्दछु ।

धन्यवाद ।

अध्यक्ष
माउण्टेन इनर्जी नेपाल लि.
मिति: २०७५ पौष २८ गते शनिवार